

# नेपाल प्रहरीको पहिलो महिला प्रहरी : चैतमाया डंगोल



● लक्ष्मी बस्नेत

नेपाल प्रहरीमा सबैभन्दा पहिला जागिर खाने पहिलो महिला प्रहरी हुनुहुन्छ, चैतमाया डंगोल । नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयको वेभसाइटमा राखिएको जानकारी अनुसार उहाँको प्रहरी सेवामा भर्ना मिति १५ जुन सन् १९५१ (वि.सं २००८ साल) हो । झण्डै ३२ वर्ष प्रहरीको जागिरे जीवनपछि उहाँ घरमै आराम गरेर दिन बिताइरहनु भएको छ ।

आमा तरीमाया र बुबा कान्छा डंगोलकी छोरी चैतमायाको जन्म वि.सं. १९९० साल जेठमा भएको हो । काठमाडौं चाबहिलका स्थायी बासिन्दा उहाँ ८६ वर्ष पुग्नै लाग्नुभयो । आफू जन्मेको दिन अर्थात 'गते' भने थाहा नभएको बताउनुहुन्छ । आमाबुबाका सात सन्तान मध्ये जेठो उहाँका चार बहिनी र दुई भाइ छन् । ठ्याक्कै उमेर याद छैन तर विवाह हुँदा १२/१३ वर्षको भएको जस्तो लाग्छ उहाँलाई । चाबहिलकै एक व्यापारी परिवारका केदारबहादुर श्रेष्ठसँग विवाह भएको हो । उहाँको घर नजिकैका व्यापारी भएकाले केदारबहादुरले उनलाई मन पराउँदा रहेछन् तर त्यो कुरा आफूलाई पछिसम्म थाहा नभएको बताउनुहुन्छ । पछि केदारले म मन पराउँछु, हामी बिहे गरौं भनेपछि उहाँ झसंग भएको र विवाह नगर्ने भनेको भए पनि केटाको परिवारले बुबाआमासँगै कुरा गरेपछि विवाह भएको सम्झिनुहुन्छ । उहाँका सन्तान जन्मिएनन्, श्रीमान्को निधन भएको १० वर्ष भएपछि एक्लै हुनुहुन्छ । आफ्नो घरमा एक्लै बस्दै आउनु भएको उहाँ हिजोआज घुँडा दुख्ने जस्तो स्वास्थ्य समस्या र उमेरका कारण केही गर्न नसक्ने भएपछि उहाँलाई भान्जी बुहारीले सहयोग गरिरहेको बताउनुहुन्छ ।

## डर देखाएपछि पुलिस बनेको

वि.सं.२००७ सालमा भर्खरै प्रजातन्त्र आएको थियो । छोरीलाई पढाउने चलन त्यो बेला हुने कुरै थिएन । उहाँको परिवारको पेशा खेतीपाती नै हो । उहाँ भने खेलेरै समय बिताउनुहुन्थ्यो । सामान्यतया: जेठी छोरीको जिम्मेवारी बढी हुने भए पनि उहाँ भने बिरामी भइरहनु हुन्थ्यो । त्यसैले काम गर्न सक्दिन भनेर बाबुआमाले केही काम नलगाउने गरेको उहाँ बताउनुहुन्छ । एक दिन उहाँकै टोलतिर केही महिलाहरू छोरीले पनि पढ्नुपर्छ, अब त प्रजातन्त्र आयो भन्दै हिंडेका रहेछन्, उनीहरूले चैतमाया खेलिरहेको देखे । त्यत्तिकैमा उहाँलाई बोलाएर तिमीलाई खेल्न मनपर्दो रहेछ, खेल्ने ठाउँमा लग्दिन्छौं भने । उहाँ पनि

खुशी हुँदै सँगै जानुभयो । कहिल्यै नपुगेको ठाउँमा पुग्नुभयो, एउटा कार्यालयमा गएपछि ती महिलाहरू भित्र पसे र उहाँसहित लगेका केही महिलालाई बाहिर राखे । केही समयपछि प्रहरीको पोशाक लगाएको एकजना मान्छे आएर तिमीहरू पुलिसमा जागिर खाने हो ? भनेर सोधे । उहाँलगायत सबैजना भस्किए । सोच्दै नसोचेको कुराको जवाफ कसैबाट पनि आएन, उहाँले पनि केही समयपछि पुलिस नहुने भन्दै टाउको हल्लाउनुभयो । केहीबेर पछि उहाँहरूलाई लैजाने महिलाहरूले पनि पुलिसमा खेल्न पनि पाइन्छ, तलब पनि आउँछ भनेर पुलिस बन्न फकाए । यद्यपि कसैले आँट गरेका थिएनन् । पहिला सोध्ने व्यक्तिले अब यहाँ आएपछि पुलिस नभए जेल जानुपर्छ । नत्र भोलिदेखि तालिममा आउनु भने । सबैले भनेपछि उहाँलगायत केही महिलाहरू तालिममा जान थाले । त्यसपछि थाहा भयो, उहाँहरू गएको ठाउँ सिंहदरबार रहेछ र उहाँहरूसँग कुरा गर्ने त प्रहरी प्रमुख (आइजिपी नर शमशेर जबरा) पो रहेछन् । उहाँका अनुसार तत्कालीन महिला आन्दोलनका अगुवा पुण्यप्रभा देवी ढुंगानालगायतले उहाँलाई जागिर खुवाउन लगेका थिए । उनीहरू प्रहरीमा पनि महिलाहरू जानुपर्छ भन्थे, त्यसैले प्रहरीमा काम गर्न सक्ने महिलाहरू खोजेर आइजिपी कहाँ पुऱ्याउँथे रे । त्यतिबेला प्रहरी हेडक्वाटर सिंहदरबारमै थियो । ती प्रहरी प्रमुखले भोलिपल्टदेखि तालिम लिन आउन भनेपछि मन नमाने पनि जाने विचार गर्नुभयो । त्यसपछि तालिम शुरु भयो, चाबहिलबाट राती नै हिंडेर बिहान उज्यालो हुनु अघि नै हिँडेर टुँडिखेल पुगेर तालिम गर्न थाल्नुभयो । करिब ६ महिना तालिम गरेपछि उहाँसहित २५ जनालाई एकैपटक नियुक्तिपत्र दिइयो । उहाँ पहिलो नम्बरमा पर्नुभयो, त्यो दिन थियो २००८ साल जेठ १२ गते । त्यही दिनदेखि शुरु भयो उहाँको सुरक्षा सेवा । उहाँहरूलाई ट्राफिक प्रहरी भनेर नियुक्त गरिएको थियो तर कहीं आन्दोलन भयो भने उहाँलाई खटाइएकै हुन्थ्यो । उहाँका हरेक अनुभव र ड्युटीमा खटिंदाको स्मरण अहिलेको पुस्तालाई कथा जस्तै लाग्छ । पोशाक के लगाउने भन्ने आइजिपीले भनेपछि हुन्थ्यो । धोती/साडी लगाएर ड्युटी गरेको उहाँ बिर्सिनुहुन्न । त्यतिबेला पुरुष पुलिसको तलब मासिक तीन मोहोर थियो । तर महिलाहरूलाई भने मासिक ३० रूपैयाँ दिएको उहाँ बताउनुहुन्छ । महिलाहरूलाई तलब बढी दिएको भनेर पुरुष प्रहरीहरूले काम तिमीहरूकै सजिलो, तलब तिमीहरूकै धेरै भनेर भन्ने गरेको बताउनुहुन्छ । महिलाहरूको जिम्मेवारी धेरै जसो सडकमा खटिनुपर्थ्यो । जिम्मेवारी राम्रोसँग पुरा गरेको देखेर होला पछि त धेरै ठाउँमा खटाउन थाले । तनहुँ सदरमुकाम र नुवाकोटको

सदरमुकाम सार्ने र नसार्ने बारेको आन्दोलन आफू गएपछि मात्रै टुंगिएको उहाँका स्मरणीय ड्युटीमा पर्छन् । तनहुँको सदरमुकाम पहिला बन्दीपुर थियो, वि.सं. २०२१ सालमा त्यहाँबाट सदरमुकाम दमौली सार्ने सरकारले निर्णय गरेपछि सार्न नदिने भनेर बन्दिपुरमा आन्दोलन भयो, प्रहरीलाई नै नाकाबन्दीमा पारे स्थानीयबासिन्दाले । २२ दिन हड्ताल भइसक्दा पनि नटुंगिएपछि महिला प्रहरी पठाउन भनेर तत्कालीन अञ्चलाधीसले माग गरेपछि उहाँलाई नै जिम्मा दिएर पठाइयो काठमाडौंबाट । चैतमायाको कमाण्डमा चार जना महिला हेलिकप्टरमा बन्दिपुर जानुभयो । नभन्दै त्यहाँ पुगेपछि महिला पुलिस आयो भनेर आन्दोलन गर्नेहरू डराए, केहीसँग छलफल भयो, धेरै आन्दोलनकारीहरूको भागाभाग भयो । उहाँले सदरमुकाम दमौली सार्ने तयारी गर्न थाल्नुभयो र चार दिन बसेर सबै मिलाएर सदरमुकाम सारेर फर्किनुभयो । त्यस्तै, अगुवा महिला नेताहरू जेलमा भएको बेला आफू खटिएको पनि उहाँको स्मरणमा ताजै छ, ' नोना कोइराला, मंगलादेवीहरू केन्द्रीय कारागारमा थिए, हामी ड्युटीमा हुन्थ्यौं, रमाइला कुरा हुन्थे । महिला भएर पुलिस हुने आँट गऱ्यौ भनेर स्याबासी पनि दिन्थे ।' पूण्यप्रभा देवीलगायतले जागिर खुवाएको तर पछि आन्दोलनका क्रममा उहाँलाई समाउन आफैं खटिएको घटना पनि उहाँ बिर्सन नसक्ने बताउनुहुन्छ ।

## धोतीमा ड्युटी

शुरुशुरुमा महिला प्रहरीको पोशाक पनि पाइजामा लगाउन भनिएको थियो । पछि मलमलको धोती दिइयो । त्यसको केही समयपछि खाकी रङको साडी लगाउन भनियो । पछि कैदीबन्दीहरूले अर्डरमा बनाएको धोती पनि लगाएको उहाँ बताउनुहुन्छ । उहाँले जागिर खाउञ्जेल १३ जना आइजिपी फेरिए । ती सबैले उहाँलाई नामैले चिन्थे । सबैले तिमी जस्तै महिला जागिर खुवाउन खोज भन्थे, उहाँले पनि दुई जना त आफ्नै बहिनी लग्नुभयो । वि.स. २०१० सालमा माइली बहिनी बुद्धमाया र वि.स.२०२२ सालमा साईली बहिनीलाई पनि लैजानुभयो । साईली बहिनी असईसम्म भइन् भने माहिली बहिनी हवल्दारसम्म भएको उहाँले बताउनुभयो । पुलिसमा जाने बेला विवाह भइसकेको थियो । जुनकुरा श्रीमान्लाई भने मन परेको थिएन । तालिम गर्दै जाँदा पुलिस नबन्न भनेपछि घर आउन छोडेर माइतमै बस्न थालेको उहाँ सम्झिनुहुन्छ । पछि नियुक्ति लिएर जागिर शुरु गरिसकेपछि भने माइतमै श्रीमान् लिन आएको तर

उहाँ भने जागिर नछोड्ने सर्तमा घर जानुभयो । श्रीमान्लाई बरु तपाईंलाई छोड्छु, जागिर छोड्दिन भनेर सिधै भनेको सम्झिनुहुन्छ । पछि चाहिं श्रीमानले पनि सहयोग गर्नुभयो । बिहान ड्युटीमा जाने, दिनभरी काम गरेर बेलुका हिंडेर फर्किंदा रात पर्थ्यो । त्यसैले बुहारी भए पनि उहाँले घरमा बुहारीको भूमिका खासै निर्वाह गर्नुभएन अर्थात् घरमा काम गर्ने समय नै थिएन उहाँलाई । बाटो हिंड्दा छरछिमेकले कुरा काट्थे । आईमाई भएर पुलिसनी भएको भन्थे । 'पुलिसनी' आई भन्दै कुरा काटेको धेरै पटक सुन्नुहुन्थ्यो तर उहाँलाई रिस उठ्ने वा दुःख लाग्नु भन्दा पनि गर्व गर्नुहुन्थ्यो ।

## बढुवाको सिफारिस गरिदिएनन्

पाएको जिम्मेवारी सफलतापूर्वक सकेर मात्र छोड्नुहुन्थ्यो उहाँ । पढाइलेखाइ भएको भए माथिल्लै तहसम्म पुग्थें होला जस्तो पनि लाग्छ उहाँलाई । नपढेको भएर हो अथवा भनसुन गरिदिने मान्छे नभएर उहाँभन्दा पछि जागिर खाने धेरै पुरुषहरू बढुवा भए । त्यो देखेपछि वि.सं. २०३५ सालमा उहाँ पनि एकदिन प्रहरी प्रमुख (आइजिपी) लाई भेट्न जानुभयो । त्यतिबेला आइजिपी खड्गजित बराल हुनुहुन्थ्यो । उहाँलाई भेट्न जानेहरूले हेडक्वाटरको **गेट**मै लाइन लाग्नुपर्थ्यो, लाइन लाग्नुभयो । महिला उहाँ मात्र हुनुहुन्थ्यो । सबै गइसके पनि उहाँको पालो आएन । एकछिन त्यत्तिकै बस्नुभयो, त्यसपछि गेटमा पुगेर चैतमाया आएको छरे भन्दिनु भनेर गेट पालेलाई भन्नुभयो । उनले भन्दिए लगत्तै भित्र बोलाउनु भनेछन् र उहाँलाई भित्र पठाइयो । भित्र पुग्ने बित्तिकै तिमी असई बनाइदिनु भन्न आएको होला, मैले बुझें, तिमी अहिले जाउ । आजैदेखि तिमी असई भयौ भन्नुभयो । आफ्नो कुरा कसरी थाहा पाएको होला भन्ने पनि लाग्यो उहाँलाई । अनि खुशी पनि हुनुभयो । जागिर खाएको १० वर्षपछि वि.सं. २०१८ सालमा हवल्दार हुनुभएको चैतमाया वि.सं. २०३५ सालमा असई बन्नुभयो ।

कडा स्वभावको भएर होला आफूलाइ छुच्चो भन्थे भन्नुहुन्छ उहाँ । त्यही भएर हो कि, किन हो कसैले सिफारिस नै नगरिदिदा आफू बढुवा नभएको हो कि भन्ने पनि उहाँलाई लागेको थियो । बढुवाको लागि आफूले काम गर्ने कार्यालयको हाकिम (डिएसपी) ले सिफारिस गरिदिनुपर्ने तर नगरिदिएको भनेर उसको हातबाट फुलीसमेत लगाउनु भएन उहाँले । ४ महिना त असई भएर

फुली नलाई बसेको सुनाउनुहुन्छ। पछि एकजना इन्स्पेक्टरले किन फुली नलगाएको भन्नुभयो। मलाई सिफारिस नगर्ने डिएसपीको हातबाट फुली लगाउँदिन भनेर लगाइन बताउनुभयो। पछि उहाँले लगाइदिन्छु, फुली छ भनेर सोध्नु भयो तर उहाँसँग फुली पनि थिएन। त्यति नै बेला किन्न पठाएर फुली लगाइदिनुभयो। असई भएपछि कामको चाप झन् थपियो। पेल्न थालेको महसुस पनि हुन थाल्यो उहाँलाई र ४ वर्षपछि जागिर छोड्नुभयो। जागिर खाने समयावधि भए पनि वि.सं. २०३९ सालमा राजिनामा दिनुभयो। काम धेरै लगाउने, बिदा नदिने, बिदा बसिहाले पनि कहाँ कहाँ खटाएको भनेर घरमै चिठी बोकाएर पठाउने र अरु हुँदाहुँदै पनि काममा पेल्न थालेको अनुभव भए पछि करिब ३२ वर्षको जागिरबाट राजिनामा दिनुभयो।

आजभन्दा झण्डै ६८ वर्षअघि महिलाहरू घरबाट बाहिर निस्कन पनि हुँदैन भन्ने बेलामा प्रहरीमा जागिर खानु चानचुने होइन। त्यस्तो साहसी चैतमाया प्रहरी सेवामा महिलाका लागि ढोका खोल्ने एक प्रेरणादायी जीवित इतिहास हुनुहुन्छ। उहाँ जस्ता साहसी महिलाले देखाएको बाटोमा हिँड्ने अहिले धेरै भइसके। तर नेपाल प्रहरीमा महिला प्रवेश गरेको सात दशक पुग्नै लाग्दासम्म प्रहरी प्रमुखमा महिला भने कोही पनि पुगेका छैनन्। तर संख्यात्मकरूपमा हेर्दा विभिन्न पदमा गरी करिब छ हजार महिला प्रहरी भएको नेपाल प्रहरीको वेभसाइटमा उल्लेख छ।

चैतमाया अहिले मासिक १६ हजार पेन्सन थाप्नुहुन्छ। त्यसैले आफूलाई चाहिने खर्च पुग्छ। उपचार गर्न प्रहरी अस्पताल त छ तर उहाँका लागि पायक नभएको बताउनुहुन्छ। त्यसैले उपचार गर्न जानु परेको बेला नजिकैको अस्पताल जाने बताउनुहुन्छ। ड्युटीका क्रममा धेरै जिल्ला घुम्नु भएको छ। पुरुष प्रहरीले गर्न नसकेको काम फत्ते गर्न सफल हुनुभएको, उहाँको कार्य अनुभवबाट महिला भएर गर्न नसकिने केही छैन भन्ने उदाहरण हो। उहाँ साहसी चैतमायालाई नेपाल प्रहरी, प्रहरी श्रीमती संघलगायत अरु केही संघसंस्थाले सम्मान गरे पनि राष्ट्रियस्तरको सम्मान भने उहाँले पाउनुभएको छैन। यस्ता ऐतिहासिक व्यक्तित्वलाई नबिर्सी उहाँहरूको साहस र आत्मविश्वास अहिलेको पुस्ताले पनि सिक्दै जानुपर्छ। ■